# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, काठमाडौं ।

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

यस साना किसान विकास लघुवित्त वित्तीय संस्था र नेपालस्थित इजरायली राजदुतावासको समन्वयमा सञ्चालन भएको साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम अन्तरगत ईजरायलका विभिन्न तालिम केन्द्र/कलेजमा १० देखि ११ महिने कृषि तालिममा भागलिन जाने प्रशिक्षार्थीहरूको हवाई टिकट खरिदमा सहज बनाउन यस लघुवित्त संस्थाले यो सूचना प्रकाशन गरेको छ । देहायका सुबिधाहरू उपलब्ध गराउन सक्ने वा नसक्ने कुरा उल्लेख गरी इच्छुक हवाई कम्पनीहरू वा ट्राभल्स एजेन्सीहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रचलित नियमानुसार कम्पनी दर्ता प्रमाणपत्र, कर दर्ता तथा नवीकरण, कर चुक्ता प्रमाणपत्र तथा अघिल्लो आ.व.को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी संलग्न राखी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**सेवा सुबिधाहरू**

१. सन् २०१८ जुलाईदेखि सेप्टेम्बर महिनासम्ममा काठमाडौंबाट ईजरायलको तेलअभिभका लागि यस वित्तीय संस्थाले उपलब्ध गराएको उडान तालिका अनुसार निर्धारित मितिका लागि माग गरिने संख्यामा टिकट व्यवस्था गर्न सक्ने वा नसक्ने ?

२. तोकिएको अवधिभित्र उडान हुने प्रत्येक प्रशिक्षार्थीको एउटै भाडा दर कायम गर्न सक्ने वा नसक्ने ?

३. यदि सक्ने भएमा प्रतिव्यक्ति एकतर्फी हवाई भाडा कति पर्ने हो ? ................

४. बढीमा कति वटा विमानस्थलमा ट्रान्जिट हुन्छ ? ..............

५. प्रशिक्षार्थीलाई विमानस्थलमा आवश्यक सहयोग गर्ने व्यवस्था मिलाउने वा नमिलाउने ?

६. टिकट भई सकेका कुनै प्रशिक्षार्थीको काबुबाहिरको परिस्थितिका कारण देहायका कार्यहरू गर्न परेमा निःशुल्क रुपमा गर्न सक्ने वा नसक्ने ?
   (क) टिकट भईसकेको यात्रीको नाम परिवर्तन गर्न (ख) उडानको १ घण्टा अघिसम्म टिकट रद्द गर्न (ग) रद्द भएको टिकटको मुल्य फिर्ता गर्न (घ) उडान मिति परिवर्तन गर्न ।

७. हवाई कम्पनी बाहेक अन्यले प्रस्ताव पेश गर्दा सम्बन्धित हवाई कम्पनीको सहमति समेत पेश गर्नु पर्नेछ ।

८. अन्य जानकारिको लागि यस लघुवित्त संस्थामा सम्पर्क राख्न सकिने छ ।

**पुनश्च**: प्रचलित हवाइ भाडादर भन्दा कम भाडा भएको वा प्रशिक्षार्थीलाई अधिकतम फाईदा हुने किसिमका माथिका सुबिधा प्रदान गर्ने विमान कम्पनी वा ट्राभल एजेन्सीहरूलाई प्राथमिकता दिई टिकट खरिदमा सहजीकरण गरिनेछ ।